नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
(मालपोत तथा भूमिसुधार शाखा)
बबरमहल, काठमाण्डौ।

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन:- ४२२५९८२
निर्देशक योजना:- ४२२६९८८
क.प्र.शाखा:- ४२६६४९३
आ.प्र.शाखा:- ४२६६४९३
पिए शाखा:- ४२२००२८

पत्र संख्या:- २०७५/०७६/ज.प्र.१६/१ ५४५
चलानी नं.:- 1365

मिति २०७५।०९।१५

श्री भूमिसुधार तथा मालपोत कार्यालय
मालपोत कार्यालय, सबै ।
(अनलाइन सेवा लागु भएका कार्यालयहरु मात्र)

विषय: आदेश कार्यान्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयवाट २०७५।०५।२६ मा स्वीकृत र २०७५।६।१५ मा नेपाल राजपत्रमा प्रकाशित लिखतका ढाँचाहरु विभिन्न मालपोत कार्यालयवाट कार्यान्वयन भई आएकोमा नेपाल लेखापढी कानून व्यवसायी एशोसियसनले सम्मानित सर्वोच्च अदालतमा दायर गरेको रिट नं. ०७५-**WO**-०४१० को उत्प्रेषण मुद्दामा तत्काल उल्लिखित मितिमा स्वीकृत प्रकाशित लिखतका ढाँचाहरु कार्यान्वयन नगराउनु भनी मिति २०७५।७।१४ मा आन्तरिम आदेश जारी भएकोमा सो आदेश खारेज गरी पाउन यस मन्त्रालयले सम्मानित सर्वोच्च अदालतमा निवेदन गरेकोमा सम्मानित सर्वोच्च अदालतवाट "२०७५।६।१५ मा नेपाल राजपत्रमा प्रकाशित लिखतका ढाँचाहरु र यस सम्वन्धी मिति २०७५।६।२३ र २०७५।६।२९ को परिपत्र एवं निर्णय कार्यान्वयन नगर्नु भनी मिति २०७५।७।१४ मा जारी आन्तरिम आदेशलाई निरन्तरता दिइरहन नपर्ने हुदाँ उक्त आदेश खारेज हुने ठहर्छ" भनी मिति २०७५।९।३ मा आदेश भएकोले अन्तरिम आदेश जारी हुनुपूर्व लागु गरिएका लिखतका ढाँचाहरु कार्यान्वयनमा ल्याउन सम्वन्धित मालपोत कार्यालयलाई निर्देशन दिन भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई लेखी पठाउने भनी नेपाल सरकार (सचिवस्तर) वाट मिति २०७५।९।६ मा निर्णय भएकोले सोही वमोजिम गर्न गराउन निर्णयानुसार अनुरोध छ भनी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको प.सं. १/४/२/विविध/०७५/०७६/१०४ च.नं. १०११ मिति २०७५।९।८ को पत्रवाट लेखी आएकोले सम्मानित सर्वोच्च अदालतको मिति २०७५।९।३ को अन्तरिम आदेश जारी हुनुपूर्व लागु गरिएका लिखतका ढाँचाहरु आजैका मिति देखि कार्यान्वयनमा ल्याउन हुन आदेशानुसार अनुरोध छ ।

<u>वोधार्थ</u>
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
कानून तथा फैसला कार्यान्वयन शाखा
सिंहदरवार,काठमाण्डौ ।
श्री सूचना तथा प्रविधि शाखा:- उक्त पत्र **Web site** मा राखि दिनु हुन ।

भरत गौतम
निर्देशक